# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

फोन नः ०५६-५२५४९०

Email: bmceducationsection@gmail.com

प.सः २०७९/८०

च.नः

मितिः २०७९।०७।१५

विषयः खेलसंस्था दर्ता र सूचिकृत हुन म्याद थप गरिएको सूचना।

श्री सम्पूर्ण खेलसम्बद्ध संघ/संस्था/क्लबहरू
भरतपुर महानगरपालिका , चितवन।

भरतपुर महानगरपालिकामा खेलक्षेत्रको समन्वयात्मक र सर्वपक्षीय विकासका लागि खेलकुदसँग सम्बद्ध संस्था तथा क्लबहरूको अभिलेख तयार पार्ने प्रयोजनका लागि यस महानगरपालिकाभित्र क्रियाशील सबै खेलसम्बद्ध संघ/संस्था तथा क्लबहरूले यस महानगरपालिकाको युवा तथा खेलकुद शाखामा दर्ता तथा सूचीकरण हुन मिति २०७९।०५।०२ मा १५ दिने सूचना प्रकाशन गरिएकोमा उक्त समयभित्र केही खेलसंस्थाहरू सूचीकरण हुन बाँकी भएकोले नगर कार्यपालिकाको मिति २०७९।०७।०२ गते बसेको बैठकको निर्णय अनुसार ७ दिनको म्याद थप गरी सूचना प्रकाशन गर्ने भनी निर्देशन भए बमोजिम यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र तपसिलका कागजातसहित निवेदन पेश गर्नहुन अनुरोध छ। साथै सूचीकरण भएको खेलसँग सम्बन्धित संस्था/क्लवसमेतको सहभागितामा महागरपालिकास्तरीय खेलसंघ गठन हुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

१ संस्थाको नाम र ठेगाना
२ सञ्चालन गरिने खेलकुदको किसिम/विधा
३ कार्यकारिणी समितिका सदस्यहरूको नाम ठेगाना र पेशा
४ विधानको प्रतिलिपी
५ सूचीकरण दस्तुर रू २००० (अक्षरेपी दुई हजार मात्र ) भरतपुर महानगरपालिकामा राजस्व तिरेको भौचर/रसिद

भरतपुर महानगरपालिका,
शैक्षिक प्रशासन महाशाखा।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)